# नासौँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

धारापानी, मनाङ
४ नं.प्रदेश, नेपाल ।

पत्र संख्या : ०७४।७५
चलानी नं. : २९२

मितिः २०७४।१२।२८

विषय :- निर्देशन पालना गर्ने बारे ।

श्री नासौँ गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरु सबै ।

प्रस्तुत विषयमा यस गाउँपालिकाका निम्न बमोजिमका निर्णयहरु कार्यान्वयन गर्नु गराउनुहुन अनुरोध छ ।

१. नाम नाशोङ गाउँपालिकाबाट परिवर्तन भई "नासौँ गाउँपालिका" र अंग्रेजी नाम "Nason Rural Municipality" कायम भएको हुँदा सोही बमोजिम विद्यालय तथा विद्यार्थीमार्फत यस नाममा कार्यसञ्चालन गर्नु गराउनुहुन, ठेगाना तथा अन्य प्रयोजनमा प्रयोग गर्न गराउनुहुन ।
२. नासौँ गाउँपालिकाको निर्णयानुसार तहाँ विद्यालयमा कार्यरत सहयोगी कार्यकर्ता (वालशिक्षिका) लाई थप सेवा सुविधा उपलब्ध गराइएको र सो वापत वालवालिकालाई १० बजेबाट ३ बजेसम्म विद्यालयमा राखी शिक्षण गराउन अनुरोध गरिएकोमा हाल विभिन्न निकायबाट पुरानै समयमा वालवालिकालाई छुट्टि गराउने गरेको लगायतका विभिन्न गुनासो आएकोमा यस कार्यालयको ध्यानाकर्षण भएको छ । तसर्थ सो सम्बन्धमा ३ बजेसम्म वालवालिकालाई शिक्षण गर्ने व्यवस्था मिलाई प्रधानाध्यापकले सोको निरीक्षण तथा अनुगमन गर्नुहुन ।

१२/२८.
..............................
सुमन अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः-**

श्री नासौँ गाउँपालिकाका वडा कार्यालयहरु सबै : सोको प्रभावकारी अनुगमन गर्नुहुन ।